# विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्च

## (National Platform on Disaster Risk Reduction) को

## सदस्यता आव्हानसम्बन्धी सार्वजनिक सूचना

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्च विभिन्न तहहरूमा हुने विपद् जोखिम न्यूनीकरणसम्बन्धी कार्यहरूको बहस, पैरवी, समन्वय र विश्लेषण तथा प्राथमिकताका क्षेत्रहरूलगायत अन्य यावत् विषयहरूमा समन्वयात्मक एवं सहभागितामूलक नीति, योजना र कार्यक्रमहरू बनाउन सहयोग गर्दै अगाडि बढ्ने भनी सबै सरकारी तथा गैर सरकारी सरोकारवालाहरूको सहभागितामा रहने एक प्रतिनिधित्वमूलक साझा कार्यमञ्चको रुपमा राष्ट्रिय निर्देशन ऐन, २०१८ बमोजिम स्थापित एक गैरनाफामूखी सामाजिक संस्था हो ।

विधान बमोजिम यस कार्यमञ्चको संस्थागत सदस्यता प्राप्त गर्न देहायको समेत योग्यता पुगेका इच्छुक संघसंस्थाले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र आवेदन गर्नुहुन सम्बन्धित सबैलाई सूचित गरिन्छ:

- सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरेको ।
- नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारको अभियोगमा सजाय नपाएको र
- विपद् व्यवस्थापनसम्बन्धी मुख्य उद्देश्य रही कम्तीमा ३ वर्ष निरन्तर रूपमा कार्य अनुभव प्राप्त प्रचलित कानुनबमोजिम दर्ता भएको सङ्घसंस्था हुनु पर्नेछ ।

सदस्यता प्राप्त गर्न योग्य संस्थाले विपद् व्यवस्थापनसम्बन्धी कार्यसँग सम्बन्धित देहायका क्षेत्रसँग सम्बन्धित हुनुपर्नेछ :

१. नेपाल सरकारका मन्त्रालय, आयोग, विभाग, केन्द्रीयस्तरका निकाय, सार्वजनिक प्रतिष्ठान,
२. राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैरसरकारी संस्था,
३. संयुक्त राष्ट्रसङ्घीय एवं अन्य अन्तर्राष्ट्रिय निकाय,
४. वैज्ञानिक, प्राज्ञिक एंव अनुसन्धान संस्था,
५. आमसंचार जगत,
६. स्थानीय निकाय,
७. सामुदायिक संस्था,
८. औद्योगिक तथा व्यापारिक सङ्घसंस्था

**सदस्यता शुल्क र निर्णय:**

साथै संस्थागत सदस्य प्राप्त गर्न चाहने संस्थाले प्रवेश शुल्कवापत रु. १,०००/- (एक हजार रुपैयाँ मात्र) र वार्षिक शुल्कवापत रु. १,५००/- (एक हजार पाँच सय रुपैयाँ मात्र) बुझाई तोकिएको प्रक्रियाअनुसार आवेदन पेश गर्नेहरूमध्येबाट कार्यसमितिले संस्थागत सदस्यता प्रदान गर्न सक्नेछ । थप जानकारी www.drrgon.gov.np मा पनि उपलब्ध छ ।

**सम्पर्क ठेगाना:**

गृह मन्त्रालय, दै.प्र. (विपद्) व्यवस्थापन शाखा, सिंहदरवार

फोन नं. ४२११२८२, फ्याक्स नं. ४२११२८१

# विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्च

## संस्थागत सदस्यताको लागि आवेदन

१. संस्थाको नाम :-

२. संस्थाको विधानमा उल्लेखित विपद् व्यवस्थापनसम्बन्धी उद्देश्य :-

३. संस्था दर्ता मिति :-

४. संस्थाको ठेगाना (पत्राचार, टेलिफोन, इमेल) :-

५. विपद् व्यवस्थापनको क्षेत्रमा गरेको प्रमुख ३ वटा कार्यहरु :-

६. संस्थाको प्रकार :-

७. संस्थाको प्रमुखको नाम र ठेगाना :-

८. संलग्न राख्नु पर्ने कागजातहरु (प्रमाणित प्रतिलिपि)

(क) संस्था दर्ता प्रमाणपत्र

(ख) कार्य समितिको नामावली

(ग) नविकरणको प्रमाण